STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.4929601- मात्रमा प्रोसेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Japanese Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware को)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily

❍वर्ष ५ ❍अंक २६५ ❍श्रेणी 'क' ❍२०७१ असार २३ गते सोमबार ❍ 7 July, 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी शिक्षक ।
✓EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓गुणस्तर आउनेदेखाई विशेष छुट ।
Hurry Up!!
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

पोउवासंघको अध्यक्ष बन्न दौडधूप शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

पोखरेली उद्योगी व्यवसायीको छाता संस्था पोखरा उद्योग वाणिज्य संघको महाधिवेशनको मिति अनिश्चित भएपनि महाधिवेशन बाट संघको नयाँ नेतृत्वमा पुरनका लागि भने दौडधूप शुरु भएको छ । संघका वर्तमान अध्यक्ष संजीवबहादुर कोइराला र प्रथम उपाध्यक्ष विन्दुकुमार थापा अध्यक्ष बन्ने दौडमा उद्योगी व्यवसायी समक्ष औपचारिक तथा अनौपचारिक भेटघाटमा सक्रिय हुन लागेका छन् । यसअघिको महाधिवेशनमा पनि कोइराला र थापाबीच चुनावी प्रतिस्पर्धा हुने निश्चित भएको अवस्थामा संघका पूर्व अध्यक्षहरु सहित केही प्रतिष्ठित व्यवसायीहरुले सहमति र एकताको आधारमा संघलाई अघि बढाउने भन्दै अघिल्लो कार्यकाल कोइरालाका लागि तय गरिदिएका थिए । पारिवारिक नाता सम्बन्धका कारण कोइराला र थापा ज्वाई जेठान पर्ने भएकोले पारिवारिक विखण्डन हुन नदिन र पोउवा संघमा एकता कायम गर्न सहमतिको प्रयास गरिएको र आफूहरुले सार्थकता पाएको जानकारी तत्कालिन अवस्थामा पूर्व अध्यक्षहरुले सार्वजनिक संचारमाध्यममार्फात समेत प्रवाह गरेका थिए । यसपटक पनि अघिल्लो पटकजस्तै कोइराला र थापा बीचमा नै चुनावी प्रतिस्पर्धा हुने निश्चित जस्तै देखिएपछि पूर्व अध्यक्षहरु समेत विभाजित बन्ने हुन् या अघिल्लो पटकजस्तो सहमतिको प्रयास गर्ने हुन् ? त्यो भने समयले बताउला तर कोइराला र थापा दुवैले आफ्ना लागि भन्दा पनि आफ्ना समर्थक र उत्तराधिकारीको खोजीलाई प्राथमिकता दिएको चर्चा पनि त्यत्तिकै छ । कोइरालाले आफ्नो समूहका ईश्वर कर्माचार्य र नारायण कोइरालाई नेतृत्वमा पुऱ्याउनका लागि बढी कसरत गरेको कतिपयको बुझाइ छ । कोइरालाले आफ्नो समूहका व्यक्तिहरुलाई नेतृत्वमा पुऱ्याउन नसक्ने हो कि भन्ने आशंकामा आफू नै दोस्रो पटकका लागि उम्मेदवार बन्न लागेको बताइन्छ । थापा भने यसपटक आफू स्वभाविक हिसाबले अध्यक्ष पाउने विश्वासमा थिए । अघिल्लो पटक पूर्व अध्यक्षहरुको रोहबरमा गरिएको सहमति र संघको बहालवाला प्रथम उपाध्यक्ष समेत भएकाले पनि थापाले विश्वास गर्नुलाई अश्वभाविक मान्न सकिन्न । कोइरालाले अध्यक्ष

संजीवबहादुर कोइराला

विन्दुकुमार थापा

बनेपछि आफू अझै बलियो भएको र उद्योगी व्यवसायीको मन जित्न सफल भएको दावी गर्न थालेका छन् । उनले पोखरा बजारको फुटपाथलाई व्यवस्थित गर्न र व्यवसायीहरु माथि पोखरा उपमहानगरपालिकाले लगाएको कर एवं अन्य विषयमा आफूले प्रभावकारी भूमिका निर्वाह गरेका कारण सदस्य व्यवसायीले समर्थन गर्ने विश्वास लिएका छन् । तर कोइरालापति असहमति पकट गर्नेहरुको पनि आफ्नै तर्क छ । पोखराको फुटपाथ व्यवस्थित गर्न पोउवासंघमात्र नभइ नगरपालिका र विभिन्न संघसंस्था, स्थानीय सुरक्षा तथा प्रशासनिक अधिकारीहरु र संचारकर्मीहरु समेतको संयुक्त प्रयासले मात्र फुटपाथ व्यवस्थित हुन सकेको कुरालाई कुनै एक व्यक्तिले मात्र जस लिन नपाउने बताएका छन् ।

यसका साथै कोइरालाका प्रतिस्पर्धी मानिएका थापाले समेत अध्यक्षले नेतृत्व गर्ने अवसर पाएपनि पोउवासंघको सबै टिमको सहयोग र समर्थनका कारण कतिपय काम प्रभावकारी देखिएको तर कतिपय निर्णय गर्न तथा ति निर्णयको कार्यान्वयन गर्न नेतृत्व तहबाट सही भूमिका निर्वाह हुन नसकेको भन्दै आफ्ना मतदाता व्यवसायीहरु समक्ष पुग्न थालेका छन् । यस पटक पोखरा उद्योग वाणिज्य संघले सदस्यता शुल्क र सदस्यहरुले आफ्नो व्यवसायिक तथा औद्योगिक प्रतिष्ठानको दर्ता र नविकरणका लागि तिर्नुपर्ने शुल्कमा भारी वृद्धि गरेपछि कतिपय सदस्यले नेतृत्वमा रहेका कोइरालाको आलोचना गर्न थालेको बताइन्छ । पोउवासंघमा यसपटक कोइरालाको दावेदार कायम रहेमा कोइरालालाई वामपन्थी र थापालाई प्रजातान्त्रिकको विल्ला भिराएर कम्युनिष्ट र कांग्रेसको रुपमा समेत विभाजन गर्ने प्रयास हुने सम्भावनालाई पनि नकार्न सकिन्न ।

पोउवासंघमा पुरानो समिकरणमा फेरवदल हुने

यसपटक पोउवासंघको चुनावमा अघिल्लो पटकको सन्तुलन भने खलबलिने देखिएको छ । अघिल्लोपटक संजीवको पक्षमा लागेका ईश्वर कर्माचार्य, नारायण कोइराला, हीरा भट्टराई, दामु अधिकारी र दीलिप सुवेदीले आफ्नो क्याम्प परिवर्तन गरेको भएपनि रविन्सन प्रजू र पवन प्रजापति लगायतका केहीले भने संजीवलाई छाडेर विन्दुको समर्थन गर्न लागेको बताइन्छ ।

यसैगरी विन्दुको पक्षमा अघिल्लो पटक लागेका देव क्षेत्री, मिनराज काफ्ले, प्रकाशदेव पालिखे र विन्दु कोइराला सुवेदी यसपटक पनि थापा भन्दा बाहिर नजाने अवस्थामा रहेका छन् । सदस्यद्वय विश्वशंकर पालिखे र दीलिपराज श्रेष्ठ अहिलेसम्म सन्तुलित भूमिकामा रहेपनि पटक-पटक एउटैले नेतृत्व लिनुपर्छ भन्ने कुरामा भने श्रेष्ठ अझैसम्म सहमत बन्न नसकेको बताइन्छ । अन्य सदस्यहरु मध्ये धनीराम बराल सञ्जीवको पक्षमा देखिने सम्भावना छ । एसोसिएटतर्फका इन्द्र कुँवर विन्दु थापाको पक्षमा लाग्ने कतिपयको बुझाइ रहेपनि अध्यक्ष कोइरालाले मनोनित गरेका सदस्यहरु पोमनारायण श्रेष्ठ, राम बसेल र बलराम पहारी भने कोइरालाकै पक्षमा कायम रहने बताइन्छ । पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्षहरुले यसपटक पनि सम्भव भएसम्म सहमतिको प्रयास गर्ने तर सहमति कायम गराउन उनीहरु असफल बनेमा पूर्व अध्यक्षहरु समेत यसपटक कोइराला र थापाको पक्षमा विभाजित बन्ने देखिन्छन् । जसअनुसार कोइराला र थापा दुवै उम्मेदवार कायम रहेमा कोइरालाको पक्षमा पूर्व अध्यक्षहरु अशोक पालिखे, रमेश कर्माचार्य र आजाद श्रेष्ठ देखिने र थापाको पक्षमा आनन्दराज मुल्मी, राजेन्द्र लालचन, दीपक श्रेष्ठ, सुरेजराज भण्डारी, हेमबहादुर प्रधान, कृष्णमोहन श्रेष्ठ देखिने सम्भावना रहेको कतिपय व्यवसायीको अनुमान छ । व्यवसायीहरुले संघका पूर्व अध्यक्षहरुलाई कोइराला र थापाको पक्षमा विभाजन गर्न लागेको भएपनि संघका पूर्व अध्यक्ष बसन्त उदासलाई दोस्रो पटक भिकाे मतले हराएर अध्यक्ष बनेका रमेश कर्माचार्य पनि विगतमा 'वान मेन वान टर्म' अर्थात एक व्यक्तिलाई एक पटकमात्रै अध्यक्ष बन्न दिनुपर्छ भन्ने मान्यता राख्ने मध्येका हुन् । उनले त्यही नाराका आधारमा उद्योगी व्यवसायीको समर्थन पाएर अध्यक्ष बनेको भएपनि उनलाई समर्थन गर्ने अधिकांश भने यतिबेला अर्को समूहमा देखिन लागेको बताइन्छ ।

माथिल्लो मादीखोला जलविद्युत आयोजनामा अर्को दुर्घटना, ६ घाइते

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

सिल्दजुरे र नामाजुंग गाविसमा निर्माणाधिन माथिल्लो मादीखोला जलविद्युत आयोजनाको सुरुङमार्ग खन्ने क्रममा आइतवार माथिबाट ढुंगा खस्दा १ चिनियाँ सहित ६ मजदुर घाइते भएका छन् । घाइतेमध्ये ३ जनाको पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ भने अन्य प्राथमिक उपचारपछि घर फर्किएका छन् । २५ मेगावाट क्षमताको आयोजनाको सिल्दुजुरे, ७ स्थित एक नम्बर टनेलभित्र काम गरिरहेका बेला विहान माथिबाट ढुंगोमाटो खसेर उनीहरुलाई च्यापेको अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनका अध्यक्ष गुनप्रसाद बरालले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । मणिपालमा उपचार भइरहेकामा एक चिनियाँ नागरिक, सन्तोष बाइवा र हिमाल राई छन् । आयोजनाको को-अर्डिनेटर वीरविक्रम रणाले आफू एउटा विवाहमा भएकाले घटनाबारे केही थाहा नपाएको बताए । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक केदार राजौरले घटनामा १ चिनियाँ सहित ५ नेपाली घाइते भएको र जसमध्ये ३ को अवस्था गम्भीर रहेको जानकारी दिए । उक्त सुरङमार्गमा आइतवार भएको घटना तेस्रो हो । यसअघि गत वैशाख १२ गते पनि बाँधस्थल नजिकैको सुरङमार्गको प्रवेशद्वारमा पहिरो खसेर इन्टेक छेकिदा ३ जनाको मृत्यु भएको थियो । त्यसमा रहेका अन्य १३ जनालाई सकुशल उद्धार गरिएको थियो चने गत भदौ २० मा पनि पहिरो जाँदा एक प्राविधिकको मृत्यु भएको थियो । २५ मेगावाट क्षमताको आयोजना नेपाली र चीनको चाइना थ्री गर्जेज कर्पोरेशनसंग आबद्ध चाईना इन्टरनेशनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेशन (सीडब्लुई) को संयुक्त लगानीमा निर्माणाधिन छ । स्थानीयवासी तथा विभिन्न र ाजनीतिक दलका नेताहरुले सुरुङमार्ग निर्माण गर्नेक्रममा दुख घटना बढ्नु सुरुङमार्गका ठेकेदार कम्पनीको लापर्वाहीका कारण भएको आरोप लगाउँदै आएका छन् ।

एमालेमा टोली नेता चयन

काठमाडौं २२ असार ।(रासस)

नेकपा (एमाले) को जारी नर्वी राष्ट्रिय महाधिवेशनमा छलफलका लागि विभाजन गरिएका समूहको टोली नेता चयनमा कतिपय समूहमा निर्वाचन भएको छ भने अधिकांशमा सर्वसम्मत भएको छ । नौ समूहमा सर्वसम्मति, आठमा निर्वाचन तथा दुई अञ्चलमा अझै विवाद कायम छ । केही टोलीमा विवादका कारण दुई जनालाई टोली नेता बनाइएको छ । सोअनुसार जनसङ्गठन टोलीमा महेश वस्नेत, लुम्बिनीमा खिमलाल भट्टराई, केन्द्रीय निकायमा सूर्य थापा, गण्डकीमा मायानाथ अधिकारी, काठमाडौं उपत्यकामा टङ्क कार्की, सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चमा गोपाल शाक्य, राप्ती र कर्णालीमा कुमार दसौंदी, मेचीमा देवेन्द्र दाहाल र कोशीमा

बाँकी अन्तिम पृष्ठमा.....

एम्नेष्टी समूह–८२ का संस्थापकहरु सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

एम्नेष्टी इन्टरनेशनल शिक्षक तथा सामाजिक कार्यकर्ता समूह-८२ पोखराले आफ्नो वार्षिक साधारणसभाको अवसर पारि संस्थाका संस्थापकहरुलाई सम्मान गरेको छ । शनिवार आयोजित कार्यक्रममा समूहका संस्थापक संयोजक हेरम्बर प्रसाद कोइराला, सचिव विश्वेश्वर प्रसाद पराजुली, कोषाध्यक्ष स्व.नारायण प्रसाद श्रेष्ठ र सदस्यहरु तोयनाथ पौडेल, जनकराज श्रेष्ठ, युवकराज पहारी, रामबहादुर थापा र स्व.दुर्गा कोइराका साथै संस्थापक सल्लाहकार नीलकण्ठ शर्मालाई सम्मानपत्र र खादाले सम्मान गरिएको थियो । एम्नेष्टी इन्टरनेशनल नेपाल राष्ट्रिय समिति सदस्य मञ्जु अर्यालले उनीहरुलाई सम्मानपत्र प्रदान गरेकी थिइन । त्यस अवसरमा बोल्दै उनले एम्नेष्टीले विश्वव्यापी रुपमा मानवअधिकारको सवाललाई गम्भीरतापूर्वक उठाइरहेको बताउदै आप्रवासी कामदार र महिलासंग सम्बन्धित विभिन्न विषयमा एम्नेष्टीले चासो दिइरहेको स्पष्ट पारिन । कार्यक्रममा समूहका संस्थापक तथा सम्मानित व्यक्तित्वहरुमध्येबाट हेरम्ब प्रसाद कोइरालाले सीमित व्यक्तिहरु मिलेर पोखरामा संस्था स्थापना गर्दाको स्मरण गर्दै त्यसपछिका वर्षमा संस्थालाई विस्तार र सुदृढ गर्ने अभियानमा समूहका सदस्यहरु सक्रिय भएको भन्दै खुशी व्यक्त गरे । कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका पश्चिमाञ्चल अध्यक्ष मुरारी शर्मा, युनियनका जिल्ला अध्यक्ष एवं एम्नेष्टी समूह ८२ का राजदूत कुलदेवी बराल, समूहका पूर्व संयोजक देवमणि भण्डारी लगायतले समूहका गतिविधका बारेमा चर्चा गरेका थिए । समूहका संयोजक मुक्ति प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न साधारणसभामा उपसंयोजक टंकराज बराल, बाराही नेटवर्कका संयोजक राजेश बुढामगर, समूहका सदस्यहरु शान्ता पोखरेल भुषाल, शक्तिवल्लभ सिग्देल, समूहका पूर्व सह-सचिव मुना वास्तोलाले समूहका सचिव हेमराज आचार्य प्रस्तुत गरेको प्रगति प्रतिवेदन र कोषाध्यक्ष दीलिप पन्तले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनका बारेमा

बाँकी अन्तिम पृष्ठमा.....

VACANCY ANNOUNCEMENT
An Automobile and Travel & Tours related Company needs a Female candidate for the post of Manager in Pokhara Branch Office. Interested candidates are encouraged to apply within five days of this advertisement.
Post : Manager-1 (Female)
Qualificatin : +2
Contact :
New Global International
Newroad, Pokhara, Ph:061-540845
Email : newglobal_intnl@yahoo.com
Note :Married Candidates are encouraged to apply

Study in Tokyo Japan
Jan. Session-2015
(Funabashi.chiba-Deadline 2014/07/11)
Age : +2 Pass, 18-25 सम्म
Bachelor Pass - 30 सम्म
Contact
Nepal Japan Education Foundation
Amarsinghchowk, Pokhara-10
Tel: 061-432601, 9815164101

कर्मचारी आवश्यकता
सुनौलो पब्लिकेशन प्रा.लि.को प्रकाशन गोल्डेन न्यूज र राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य उम्मेदवार ले आफ्नो हस्तलिखित निवेदन र बायोडाटा सहित तुरुन्त सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।
१. पद : समाचारदाता/समाचार वाचक (महिला/पुरुष)
संख्या : केही
२. पद : कार्यालय सहायक (महिला)
संख्या : १ जना (कम्प्युटर सम्बन्धी ज्ञान भएको)
३. पद : कम्प्युटर अपरेटर (दिउसोका लागि)
संख्या : १ जना (पत्रिका डिजाइन गर्न सक्ने)
४. पद : ग्राहक शाखा प्रमुख
संख्या : १ जना (पोखराको विभिन्न क्षेत्रको जानकारी भएको)
५. पद : बजार प्रतिनिधि
संख्या : केही
सम्पर्कका लागि
गोल्डेन न्यूज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम.
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-४३५४५५
(जागिरका लागि टेलिफोनमा सम्पर्क नगरिदिनुहोला ।)

Study in JAPAN
ADMISSION OPEN Jan./April Session 2015
TOKYO, NAGAYO तथा SENDAI लगायतका शहरहरुको College तथा University मा Apply गर्न सकिने
83 वर्ष उमेर समूहले Apply गर्न सकिने
BACHELOR/ MASTER PASS विद्यावारिधि 100% VISA Guaranty
आफ्नो रुचाको पसिँ दिनै Working VISA Apply गर्न सकिने
हाम्रा आकर्षणहरु
⊃ NAT/JLPT/TOP-J आवश्यक नपर्ने
⊃ Part time Job हप्तादिनमित्रै व्यवस्था गरिने
⊃ Depending लैजाने सहयोग गरिने
⊃ Documentation FREE*
इच्छा, शक्ति र लगनी तपाईको, गन्तव्यमा पुऱ्याउने जिम्मा हाम्रो
TOPS Language & Training Institute
महेन्द्रपुल दुलाछ चोकटि जोडिएको लाइन/ जोर्सि मोडिकलको दोस्रो तलामा
फोन: 061-539287, 539538

Accounting & Banking Training
MATCOSC मै किन ?
यस क्षेत्रमा मै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा ज्यास्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
❖Business Accounting
(Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

■ तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो ।

- बाइबल

सम्पादकीय . .

संविधान बनाउन ढिलो नगर

देश अझैपनि संक्रमणकालिन अवस्थामा चलेको धेरै समय भैसक्यो । अन्तरिक संविधानबाटै दुईवटा संविधानसभाको निर्वाचन सम्पन्न समेत भयो । यो अभ्यास धेरै अवधिका लागि उचित हुदैंन । नयाँ संविधान निर्माण हुनैपर्दछ र त्यसमा जनताको सहभागिता सुनिश्चित गरिनुपर्दछ । नयाँ संविधानसँग धेरै सवालहरूमा जनताले जवाफ खोजेका छन् । ती सबै सवालको जवाफ दिने संविधान बनाउन दलहरूले ती सवालहरूको सूची बनाउन सक्नु पर्दछ र जवाफका लागि तयार हुनुपर्दछ । जनताले जुन दलको जवाफमा चित्त बुझाउँछन्, संविधानसभामार्फत नयाँ संविधान बनाउने कार्यको नेतृत्व त्यसैलाई गर्नका लागि जनादेश दिन्छन् । यी लगायत विभिन्न यस्ता प्रश्नहरू छन्, जसको जवाफ स्पष्ट रूपमा नयाँ संविधानले दिन सक्नु पर्दछ । यी कुराहरूको जवाफ दिन नसक्ने संविधानको काम छैन । त्यसले नेपालको परिवर्तनको चाहनालाई व्यवस्थित गर्न सक्दैन । यी सवालका जवाफ दिन नसक्ने संविधानप्रति जनतामा अपनत्वको अनुभूति हुन सक्दैन । लोकतन्त्रका विश्वव्यापी मान्यताहरूका साथै नेपालका सन्दर्भमा लोकतन्त्रको अभ्यास गर्दा अवलम्बन गर्नुपर्ने मान्यताहरूलाई समेटेको र उल्लिखित सवालहरूको जवाफ दिनसक्ने संविधान निर्माणमा दलीय सहमति अनिवार्य छ । दलहरूको प्राथमिक दायित्व पनि यही हो । यी सवालहरूको जवाफलाई आफ्नो घोषणापत्र बनाएर दलहरूले निर्वाचनमा होमिएका थिए । निर्वाचन एकप्रकारको अघोषित जनमत संग्रह नै थियो । किनभने दलहरूले निर्णय गर्न नसकेका उल्लेखित कुराहरूमा जनताले निर्णय गर्नेछन् । यो मानसिकताका साथ चुनावको तयारीमा जुट्नु पर्ने अवस्था छ । विघटित संविधानसभाले र राजनीतिक दलहरूको उच्च तहले संविधानका विषयमा सहमति जुटाउन सकेन । संविधान बन्ने आशमै जनताले पुनः संविधानसभा निर्वाचनमा उत्साहपूर्वक सहभागी भएर संविधान बनाउन नेताहरूलाई चुनेर पठाएका छन् । जनताको उक्त उत्साहलाई नभुली सहमति, सहकार्य र एकताबाट संविधान निर्माण गर्नु आजको आवश्यकता हो । संविधान निर्माण प्रक्रियामा लाग्नु अब कुनै बाहानामा बिलम्ब गर्नुहुँदैन । सहमतिका नाममा अझैपनि समय बर्बाद गर्ने हो भने त्यो राजनीतिक बेइमानी हुनेछ । दलहरूले राजनीतिक बेइमानी गर्नुभन्दा लचिलो भएर संविधान निर्माणका जुट्नु बेश हुन्छ । अबको बाटो भनेको सबै दलालई सहमतिमा लिएर संविधान निर्माण गरी देशलाई संबृद्ध बनाउन तिर लाग्नु हो । संविधान बनाई देशलाई निकाश दिनतिर छाडेर दलहरू आन्दोलन गर्दै जनताले दिएको म्याण्डेट बाहिर गए भने जनताले कुनैपनि हालतमा यी नेताहरूलाई छाड्ने छैनन् । नेताहरूले जनतालाई अझैपनि भुलभुलैयामा पारेर अघि बढ्न खोजे भने जनताले पूर्वराजा ज्ञानेन्द्रलाई भन्दा बढी कठोर निर्णय लिन सक्नेछन् । यस विषयमा दल तथा नेताहरू गम्भीर बन्न जरुरी छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ २३ गते सोमबार, तदनुसार जुलाई ७ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामाकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार आषाढशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज आषाढशुक्लपक्षको दशमी तिथि ४९ घटि २४ पला अर्थात रातिमा १ बजेर १ मिनेटसम्म त्यसउप्रान्त एकादशी तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि २५ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ५१ मिनेटमा मैत्र मूहुर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजेर १ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।

वृष : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीका श्रोत घटन सक्ने ।

मिथुन : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।

कर्कट : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ ।

सिंह : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदेशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।

कन्या : राजनैतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला ।

तुला : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसंग सुमधुर रहने, यात्रा फलदायी हुनेछ ।

वृश्चिक : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्वीवार्सगँग किचलो हुने, गरेको कार्य अर्थहिन हुने ।

धनु : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ ।

मकर : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

कुम्भ : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

मीन : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

म पनि टिभिमा आउने भएँ : लोकदोहोरी गायक रामजी पौडेल र पार्वती जिसीले तिजको नयाँ गीत बजारमा ल्याउनका लागि छायाङ्कन शुरु गरेका छन् । पोखराको विन्ध्यवासिनी मन्दिरमा आइतबार दिनभरजसो गर्मीको प्रवाह नगरी गीत गाउँदै । तस्वीर : गोल्डेन न्यूज दैनिक

माझठानामा सुगन्धित जडीबुटी मेन्था तेल उत्पादन

हरि बास्तोला
पोखरा २२ असार ।

निर्वाहमुखी खेती गर्दै आएका कास्की जिल्लाको माझठाना गाविस-६ स्याङ्खुदीका कृषकहरुले यतिखेर भने व्यावसायिक जडीबुटी खेतीसँगै मेन्था सुगन्धित तेल उत्पादन सुरु गरेका छन् ।

घरपालुवा वस्तु एवम् जङ्गली जनावरले नखाने, असिनाले समेत खासै नोक्सान नगर्ने र उत्पादित सुगन्धित तेल बिक्रीबाट मनग्य आम्दानी गर्न सकिने भएपछि उनीहरू सो खेतीतर्फ लागेका हुन् । यो क्षेत्र नेपालकै धेरै असिना पर्ने ठाउँ भएकाले वर्षेनी किसानहरू रासोसँग बालीनाली भित्र्याउन पाउँदैनन् । परीक्षणका रूपमा पहिलोपटक कृषकले २० रोपनी जग्गामा लगाइएको मेन्था फस्टाएपछि प्रशोधन गरी ३२ लिटर तेल उत्पादन भएको र बिक्रीबाट रु ९६ हजार आम्दानी गर्न सफल भएको स्याङ्खुदी कृषि सहकारी संस्थाका अध्यक्ष भोजराज भुर्तेलले बताउँछन् ।

पहिलो रडको चिल्लोपना नहुने बास्नादार सो तेलमा ८० प्रतिशत मेन्थोल हुने भएकाले यसलाई विशेष गरी दुःखाई कम गर्ने मलम, खोकीको टप्पाल्वेट, दम र स्यास्टिकको औषधिको रूपमा प्रयोग हुनुको साथै तमाखु, चुरोट, पानमसला, पेय पदार्थ एवम् खाद्य प्रशोधनका सामग्रीमा प्रयोग हुने गर्दछ । करिब ८५ सेन्टिमिटर उचाइ हुने होचो कदको एकवर्ष सुगन्धित मेन्थाको गानोबाट बिरुवा उत्पादन गरिन्छ भने जमिनमाथिको सबै भाग प्रशोधन गरी तेल उत्पादन गर्न सकिने भुर्तेल बताउनुहुन्छ । सिँचाइको आवश्यक पर्ने सो खेती धान बाली धन्क्याएपछि लगाइन्छ ।

उक्त सुगन्धित जडीबुटी मेन्थाको सक्करलाई गाई वा भैसीको पिसाबमा ४० मिनेटसम्म भिजाएर रोप्दा ७० प्रतिशत मेन्थाको बोटमा फूलफुल्ने हुन्छ र तेल उत्पादनमा समेत ३० प्रतिशतले वृद्धि हुने गरेको एक अध्ययनले देखाएको छ । कम मिहिनेतमा बढी आम्दानी लिन सकिने र सुगन्धित एवम् औषधीय महत्व राख्ने यस तेलको बजार राम्रो भएको हुँदा सो क्षेत्रका कृषकले मेन्था खेतीलाई अभियानका रूपमा विस्तार गरेका छन् । उनीहरूले यस वर्ष झन्डै ७० रोपनी जग्गामा ३५ हजार बिरुवा रोपेको कृषक बताउँछन् । कृषकले विश्व बजारमा उच्च मूल्य रहेको क्यामोमिलको खेतीसमेत सुरु गरेका छन् । जसबाट उच्चस्तरका शुद्धगारका सामग्रीका साथै तारे होटलमा चियाका रूपमा प्रयोग गरिँदै आएको छ । सो तेलको हाल बजार मूल्य प्रतिलिटर रु ४० हजारभन्दा बढी पर्दछ । सो क्षेत्रका कृषकले मेन्था र क्यामोमिलका साथै सुक्खा र भिरालो पाखोमा लगाइने अर्को बहुवर्से सुगन्धित बाली सिट्रोनेलालाई पनि व्यवसायिकता दिन थालेका छन् । उनीहरूले गत वर्ष एक लाखभन्दा बढी बिरुवा रोपेका थिए । जुन तेलबाट किटनाशक औषधि, साबुन, डिटरजेन्ट पाउडर, लामखुट्टे भगाउने धुप, भुई सफा गर्ने साबुन, सफलगायतका सुगन्धित वस्तुहरू उत्पादन गरिन्छ । बेगानस तालको उत्तरी भेगमा पर्ने सो स्थानका कृषकले मेन्था, सिट्रोनेला र क्यामोमिलका साथै लेमनग्रास, पामारोजा, सुगन्धवाल, तेजपात लगायतका विभिन्न जातका सुगन्धित जडीबुटी खेती विस्तार अभियानमा जुटेका छन् ।

जलवायु परिवर्तन अनुकूलनका प्रयास कार्यक्रमअन्तर्गत अमेरिकी सहयोग नियोग (युएसएआइडी) को आर्थिक सहयोग एवम् स्याङ्खुदी कृषि सहकारी संस्थाको सक्रियता तथा आइडिई नेपाल, रिम नेपाल र रूपान्तरण नामक गैरसरकारी संस्थाको प्राविधिक सहयोगमा सो क्षेत्रका कृषकले सुगन्धित जडीबुटी खेतीलाई व्यावसायिकता दिन थालेका हुन् । सोही स्थानमा रु आठ लाखको लागतमा प्रशोधन केन्द्र समेत स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

कास्कीकै लाहाचोक गाविस र स्याङ्जाको केही स्थानमा लगाइएको मेन्थाले गरेको उत्पादन भएको छ भने पर्वत जिल्लाको मल्याङ्कोट गाविसमा जङ्गलमा पाइने धसिंरे (मछिनो) प्रशोधन सुरु गरिएको आइडी नेपाल क्षेत्रीय गैरकाष्ट वन पैदावार अधिकृत सूर्य खड्काले जानकारी दिए । तराईका नवलपरासी, बर्दिया, रूपन्देही, पर्सा, बारा, बाँके, कैलाली, रूपन्देही, कपिलवस्तुलगायतका विभिन्न जिल्लामा व्यावसायिक रूपमा सुगन्धित जडीबुटी खेती फस्टाएपछि पहाडी क्षेत्रमा पहिलोपटक माझठानाको स्याङ्खुबीवाट सुरु गरिएको उहाँ बताउँछन् । सो संस्थामार्फत हालसम्म २२ वटा प्रशोधन केन्द्र स्थापना गरी सञ्चालनमा आएका छन् । जलवायु परिवर्तनका कारण मुलुकको पहाडी क्षेत्रमा अत्यधिक रूपमा बाँदरको सङ्ख्यामा वृद्धि भई बस्तीमा प्रवेश गरी कृषकलाई दुःख दिने गरेको वर्तमान अवस्थामा बाँदरले नखाने सुगन्धित जडीबुटी खेतीलाई विस्तार गर्न सके किसानको जीविकोपार्जनका साथै वातावरणमा समेत सुधार आउने सामुदायिक वन उपभोक्ता महासङ्घ कास्कीका अध्यक्ष कालीदास सुवेदी बताउनुहुन्छ । सो सहकारीमा हाल १०५ जना सदस्य आवद्ध रहेका छन् ।

नेपालमा गत आर्थिक वर्षमा ५०० हेक्टर क्षेत्रफलमा लगाइएको सुगन्धित जडीबुटीको खेतीबाट रु सात करोड मूल्य बराबरको २०० टन तेल उत्पादन भएको र उत्पादित तेलको १० प्रतिशत स्वदेशी उद्योगमा खपत भएको थियो भने बाँकी भारतलगायत युरोपका विभिन्न देशहरूमा निकासी भएको आइडिई नेपालका जडीबुटी कार्यक्रम संयोजक विजयमान स्थापितले जानकारी दिए ।

विश्व बजारमा सुगन्धित तेलको बढ्दो माग र आकर्षित मूल्यलाई अवसरका रूपमा लिई यसको दिगो विकासका लागि सामुदायिक वन समूह, पहाडी क्षेत्रमा बाँझिएका जग्गाहरूमा यस्ता जडीबुटी खेती गर्न सके स्थानीयस्तरमा रोजगारको सिर्जनासहित तेल बिक्रीबाट वैदेशिक मुद्रा आर्जनको थप आधार बन्न सक्ने विज्ञहरू बताउँछन् ।

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मख्खियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने

यही Original Korean Cosmetic Product पाइन्छ ।

साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालालाई ५ मिनेटमा नै काली बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
न्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहि नदिइ जाड, रक्सीका साथै चुरोट, सर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

जाड, जाम्पर, हात धुदाका जोखिहरुको इलाज कम गर्ने

नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ४८४६१५४५८८, ०६१-५२४४५४
(मल्ल इम्पोरियमको अगाडि हा कम्प्लेक्स भन्दा दुई घर तल)

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा
के तपाईसंग पुराना कम्प्युटरहरु छन् ?
पुराको कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली मित्र होम सर्भिसको व्यवस्था छ ।
Online Computer Institute
न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

आवश्यकता
महेन्द्रपुल नजिकै उत्पादन संस्थालाई साधारण शिक्षित तथा अशिक्षित महिला गृहणीको आवश्यकता ।
अगरवत्ति बनाउनेमा- महिला गृहणी, युवती- ३१ जना
पोष्ट कार्ड बनाउनेमा- युवा/युवती/विद्यार्थी-१६ जना
❖शिक्षामूलक तालिम सहित रोजगारको५०% ग्यारेन्टी
❖तत्काल कामको देखाता तथा क्षमताको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।
❖आफ्नै घरमा सामाग्री लगेर जुनसुकै समयमा काम गर्न सकिने ।
सम्पर्क : ९८४६७०८१०५, ९८१६६३७२५१ महेन्द्रपुल, पोखरा

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसतीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०९६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

क्या मज्जा !
World Cup 2014
ठूलो पर्दामा हेर्दा छुट्टै मज्जा
प्रोजेक्टर चाहिएमा
फोन : ४८५६०२९८८२

निःशुल्क कम्प्युटर तालिम
यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्स्टिच्युटमा निःशुल्क कम्प्युटर शिक्षा संचालन गैरहेको छ । (छनोटमा नपरेकालाई ६० प्रतिशत छुट दिइएको छ ।
Informatics computer
सुजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617
High Mount computer
विन्ध्यवासिनी, पोखरा-२
061-527435, 9846566480

खानेपानी चाहिएमा
मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
कहुंबोलाचोक, भार्चा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

भर्ना खुल्यो
RAI School announce Admission open for +1 (Best college in kathmandu)
Tel: 01-4911685
सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380
Contact Us for : General Banking, Accounting Training

रेष्टुरेन्ट तु बिक्रीमा
तुरुन्त खरिद गर्नेलाई ५०% छुट का साथ रेष्टुरेन्ट बिक्रीमा
मूल्य रू. २ लाख मात्र।
सम्पर्क : ९८०४१९३४४०

क्षेत्री विद्यार्थी सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

क्षेत्री समाज नेपाल पोखरा उपमहानगरपालिका वडा नं. १५ ले २०७० सालको प्रवेशिका परीक्षामा उत्तीर्ण ४७ जना क्षेत्री विद्यार्थीहरुलाई सम्मान गरेको छ । कार्यक्रमका प्रमुख अतिथि नगर समितिका अध्यक्ष रामबहादुर केसीले विद्यार्थीहरुलाई खादा, अबिर र सम्मानपत्र सहित सम्मान गर्दै अध्ययनमा लगनशील हुन आग्रह गरेका थिए । वडा नं १५ का अध्यक्ष दुर्गाबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा टोल विकास समन्वय समितिका अध्यक्ष प्रकाश पौडेल, मोहनसिंह थापा, वडा सचिव भक्तबहादुर केसीलगायतले विद्यार्थीको उज्जवल भविष्यको कामना गरेका थिए । सम्मानित विद्यार्थीको तर्फबाट जेनिशा भण्डारी, सुजन खड्का, सागर कार्की, अशोक केसी, सुजाता कुँवरलगायतले सम्मान बाट अगाडि बढ्न उत्साह प्राप्त भएको बताएका थिए ।

कुहारी र भतिजको हत्या

सप्तरी २२ असार ।

सप्तरीको मल्हनिया गाविस-२ मा एक पुरुषले कोदालो प्रहार गरी आफ्नै भाइबुहारी तथा भतिजाको हत्या गरेका छन् । मल्हनियाँ गाविस-२ निवासी रामेश्वर यादवले आफ्नै भाइबुहारी पर्ने ३० वर्षीया रीता कुमारी यादव र उनका ११ वर्षीय छोरा मनिषकुमार यादवको कोदालो प्रहार गरी हत्या गरेका हुन् ।

हत्या गर्ने रामेश्वर मानसिक रूपमा अशक्त रहेको स्थानीयले बताएका छन् । रीता कामेश्वरकी श्रीमती हुन । हत्या गर्ने रामेश्वरलाई तत्काली स्थानीयको सहयोगमा पुहरीले पक्राउ गरिसकेको छ भने मृतक आमा छोराको शव परीक्षणका लागि लहानस्थित जिल्ला अस्पतालमा पठाइएको इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरीक्षक विजय यादवले जानकारी दिए । भाई कामेश्वर यादवको खेतमा धान रोपाईको कामका लागि सहयोग गर्न आएका रामेश्वर मध्याह्न खान सकेर भाईको घर फर्केका थिए । घर फर्केका रामेश्वरले पहिला घरमा सुतिरहेका भतिजा मनिषको कोदालो प्रहार गरि हत्या गरेका थिए भने त्यस लगतै खाना पकाइरहेकी रीताको हत्या गरेको प्रहरी निरीक्षक यादवले बताए ।

बालमैत्री स्थानीय शासन सम्बन्धी तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

बालमैत्री स्थानीय शासन कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रममा मुख्य अतिथि रामेश्वर मध्याह्न खान सकेर भाईको घर फर्केका थिए । घर फर्केका रामेश्वरले पहिला घरमा सुतिरहेका भतिजा मनिषको कोदालो प्रहार गरि हत्या गरेका थिए भने त्यस लगतै खाना पकाइरहेकी रीताको हत्या गरेको प्रहरी निरीक्षक यादवले बताए ।

बालमैत्री स्थानीय शासनको बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रममा संयोजक सुमिता बस्नेतले जानकारी दिइन । कार्यक्रमलाइ पोखरा उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत भलकराम अधिकारी, सामाजिक विकास विभाग वरिष्ठ अधिकृत ओमराज पौडेल, पोखरा उद्योग वाणिज्य संघको तर्फबाट सुरेश मानन्धर लगायतले सहजीकरण गर्ने छन । इम्पावर कुन एण्ड चिल्ड्रेन नेपाल कास्कीको आयोजना तथा पोखरा उपमहानगरपालिका को सहयोगमा संचालित कार्यक्रममा पोखरा उपमहानगरपालिका वडा नं ३ मा रहेका विभिन्न संघसंस्था संग आवद्ध २० जनाको सहभागिता रहेको थियो ।

पोखरा–१० मा वडास्तरीय बालमञ्च परिचालन तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

तस्वीर : गोल्डेन न्यूज दैनिक

पोखरा उपमहानगरपालिकाको २०१८ सम्म पोखरा क्षेत्रलाई बालश्रम मुक्त नगर बनाउने कार्यक्रम अन्तरगत बालमैत्री स्थानीय शासन वडा समन्वय समिति वडा नं.१० ले २ दिने वडास्तरीय बालमञ्च परिचालन तालिम सम्पन्न भएको छ ।

तालिममा कालिका उच्च माविबाल चेतना समूहका अधिकांश विद्यार्थी र वडास्तरीय बाल क्लबका सदस्यहरुको उपस्थितिमा सम्पन्न तालिमका प्रमुख अतिथि रामबजार सोसाइटी युकेका सल्लाहकार महेश गुरुङले नेपाल र युकेका बच्चाहरुको हकहितका कार्यहरु फरक रहेको बताउँदै बाल अधिकार के हो र बालबालिका र परिवारले ६५ वर्ष नाघेका वयोवृद्धहरुको सेवा गर्नुपर्ने बताए । कार्यक्रम समापन कार्यक्रमका प्रमुख अतिथि एवम् पोउपनपा सामाजिक विकास शाखा प्रमुख ओमराज पौडेलले बालबालिकाले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा लागू गर्न आग्रह गर्दै बालबालिकासँगै अभिभावकलाई समेत तालिम दिनुपर्ने बताए ।

पोखरा उद्योग वाणिज्य संघ बालमैत्री कार्यक्रम संयोजक सरेश कुमार मानन्धर र पोखरा उद्योग वाणिज्य संघ पौरवीका अधिकृत भक्तराज रसाइलीले प्रशिक्षण दिएको तालिममा वडास्तरीय बाल क्लबका कोषाध्यक्ष सुस्मिता सुवेदीले आफूले सिकेका कुराहरु व्यवहारमा लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दै २ दिने तालिमले बाल अधिकार र बाल श्रमको विषयमा बुझ्न पाएको बताए । तालिममा कालिका उच्च माविका प्रधानाध्यापक बलराम गिरी, राष्ट्रिय जनमोर्चा वडा नं.१० का प्रतिनिधि जयराम आचार्य, प्रशिक्षक सुरेश कुमार मानन्धर, वडा सचिव नवराज थापा, हिमाल आमा समूहका अध्यक्ष तारा सापकोटा, पारागिरल वडा कमिटी वडा नं.१० का अध्यक्ष अनिता तिमिल्सिना, संस्थाका सदस्य एवम् बालविकास केन्द्रका संचालक धनमाया गुरुङ, जिल्ला बाल मञ्च कास्कीका अध्यक्ष सुनिता गुरुङ लगायतले तालिममा सिकेका कुरा व्यवहारमा उतार्न आग्रह गरेका थिए । बालमैत्री स्थानीय शासन वडा समन्वय समितिका अध्यक्ष पवित्रा गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत जनप्रिय बालविकास केन्द्रका संचालक विष्णु कुमारी पराजुली तथा कार्यक्रमको संचालन उपाध्यक्ष सम्मरबहादुर श्रेष्ठले गरेका थिए ।

बिग आइकनमा ६९ जना अधिल्लो चरण प्रवेश

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

बिग आईकन २०१४मा दोस्रो चरणको अडिसन अर्न्तगत आईतबार ६९ जना अधिल्लो चरण प्रवेश गरेका छन । ११० जनाले सहभागिता जनाएका थिए । बाँकी प्रतियोगीहरुको सोमबार बिहान ८ बजेबाट अडिसन सुरु हुने कार्यक्रम संयोजक सञ्जोक बस्यालले बताए । पहिलो चरण पार गरेका १४६ जना मध्येबाट बाँकी रहेका प्रतियोगिता मा लागि बिहान ८ बजे बाट १० बजे सम्मको समय तोकिएकोले निर्धारित समय भित्र आएर आफ्नो प्रतिभा देखाउन बस्यालले आग्रह गरेका छन । दोस्रो चरणको अडिसन राउण्ड सुरु भएको हो । मंगलबार दोस्रो चरणको अडिसन सकिने एफ ले जनाएको छ । बिग एफएमले आयोजना गरेको खुल्ला एकल गायन प्रतियोगिता बिग आईकनको पाचौं संस्करणमा आवेदन फारम भरेका ८ सय ९० मध्ये पहिलो चरणको अडिसनमा ८ सय २२ जनाले सहभागिता जनाएका थिए । बिग आईकनको यो संस्करणमा ५० जिल्लाका गायन प्रतिभाहरुले सहभागिता जनाएको एफएमले जनाएको छ । नेपालकै सर्वाधिक पुरस्कार राशि भएको रियालिटि शो करिब दुई महिनासम्म चल्नेछ । विजेता बन्नको लागि प्रतियोगिले १९ चरणको अडिसन पार गर्नुपर्नेछ । प्रतियोगिताको निर्णायकमा पोखराका अग्रज संगीतकर्मीहरु सामसुङ ताम्राङ र सुनिल थापा रहेका छन् । यसपटक बिग आईकन बन्ने प्रतियोगीले १ लाख ६० हजार रुपैया बराबरको पियानिजो स्कुटर प्राप्त गर्नुका साथै ब्रिटिश कलेजको स्पोन्सरसिपमा एक हप्ते बेलायतको संगीतिक भ्रमणको मौका पाउनेछन् । यस्तै दोस्रो हुनेले ७५ हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्नेछन् भने तेस्रो हुनेले ५० हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्ने एफएमले जनाएको छ ।

तपाईले पढ्ने पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्ने पर्ने एफ.एम.
102.2 sunaulo fm

खुशीको खबर ! खुशीको खबर !!
के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्न ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस् ।
सेवा दिने स्थानहरु : पोखरा भ्याली, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, **Skype :** mycomputersathi
Website : www.mycomputersathi.com

अटो मेकानिकल वर्क्स एशोसिएशनद्वारा मुटु परीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

पोखरामा रहेका वर्क्सशपमा कार्यरत मिस्त्री, पार्टस् तथा सम्पूर्ण गाडीसँग सम्बन्धित व्यवसायी मजदुरहरुको छाता संगठन गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएशन ले एकदिने मुटु परीक्षण स्वास्थ्य शिविर गर्ने भएको छ ।

एशोसिएसनको सम्पन्न विशेष बैठकले सो कार्यक्रम गर्ने निर्णय गरेको एशोसिएसन अध्यक्षका कुलबहादुर नेपालीले बताए ।

हट फाउण्डेसन नेपालको सहकार्यमा मुटु रोग विशेषज्ञहरुद्वारा गरिने शिविरमा औषधिसमेत निःशुल्क समेत वितरण गरिने नेपालीले बताए । सोही बैठकद्वारा पोखरालाई स्वच्छ, सफा र व्यवस्थित अटो व्यवसायका लागि अटो लेनको लागि जग्गा माग गर्ने वर्क्सशपको व्यवसायको दर्ता प्रक्रिया एशोसिएसनको सिफारिसमा गर्न पाउने व्यवस्था मिलाइन दिन पोखरा उपमहानगरपालिकासँग सहयोग माग गर्ने निर्णय गरिएको बताइएको छ । बैठकले आबद्ध सदस्यहरुले बुझाउन बाँकी लेवी बुझाउन अनुरोध गर्ने र एशोसिएसन आगामी भदौ २१ गते गर्ने निर्णय गरेको सचिव सन्तोष मिश्रले जानकारी दिए । एशोसिएसनका अध्यक्ष कुलबहादुर नेपालीको अध्यक्षतामा भएको कार्यक्रम पूर्वअध्यक्ष सनतकुमार भट्टराई, सल्लाहकार कृष्ण थापा, उपाध्यक्ष सानुमान जलारी, सचिव सन्तोष मिश्र, कोषाध्यक्ष किरण कपाली, सदस्यहर डेडबहादुर गुरुङ, लखबीर सिंह, चुडामणि रुवाली, शिव भण्डारी, प्रमोद आचार्य, कार्यालय सचिव पार्वती बराललगायतले आआफ्नो धारणा राखेका थिए । एशोसिएशनमा हाल २ सय ८० जना सदस्य आबद्ध छन् ।

नवआगन्तुक विद्यार्थीलाई स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

पोखरा उपमहानगरपालिका वडा नं. १२ स्थित अमरसिंह उच्च मा.वि. विहानी सत्रको आयोजनामा कक्षा ११ मा नयाँ भर्ना भइ आएका नवआगन्तुक विद्यार्थीहरुको स्वागत तथा परिचयात्मक कार्यक्रम आइतबार सम्पन्न भयो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष विश्वप्रकाश लामिछानेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा अमरसिंह उच्च माविका प्रधानाध्यापक नवराज पौडेल, व्यवस्थापन संकाय इन्चार्ज गौतम पौडेल, मानविकी तथा शिक्षा शास्त्र संकाय इन्चार्ज बुद्धिमान गिरी, कक्षा १२ का विद्यार्थीहरुको तर्फबाट कुन्ति घले, रश्मिला श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

अमरसिंह उच्च माविका प्राचार्य डा.एलियाम्मा जोनको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य शिक्षक शिवमणि भण्डारीले गरेका थिए भने कार्यक्रमको संचालन शिक्षक केशव प्रसाद पराजुलीले गरेका थिए ।

सार्वजनिक सूचना

सावित शिशुवा वडा नं २ हाल ले.न.पा वडा नं ११ बस्ने नर बहादुर राना को नाममा रहेको किल्ला नं १५९५ क्षेत्रफल ०–४–१–३ को जग्गा नक्शा पास गर्नुपर्ने भएको हुँदा साँध सधियारालाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
५६९५	९०९५	५६८६	बाटो	५३४५

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१–५६०३८०

प्रेमिकाले धोका दिएपछि प्रेमीद्वारा पैसा अशुल

खोटाङ २२ असार ।(रासस)

प्रेमिकाले धोका दिएपछि खोटाडका एक युवाले प्रेमिकालाई दिएको रकम फिर्ता लिएका छन् ।

प्रेमिकाबाट धोका पाएपछि हाल मलेसियामा काम गर्दै आएका नुनथला–८ का सुवोध राईले विभिन्न समयमा प्रेमिकालाई पठाईएको रकम फिर्ता लिएका हुन् । विसं २०७० असार–३१ गतेका दिन 'सँगै मर्ने र सँगै बाँच्ने' कसम खाएर वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया पुगेका राईले प्रेम गरेको अवधिमा प्रेमिकालाई पठाएको रु ५६ हजार २५० प्रहरीको सहयोगमा फिर्ता लिएका हुन् । विभिन्न बहानामा पैसा लिएकी प्रेमिकाले धोका दिएर अर्कैसँग विवाह गरेपछि प्रहरीको सहयोगमा रकम फिर्ता लिइएको राईले टेलीफोनमार्फत जानकारी दिए । विदेशबाट फर्किएपछि विवाह गर्ने सर्तमा मलेसियाबाट मासिक रूपमा खर्च पठाईदिने दिए पनि अर्कैसँग विवाह गरेपछि आफूले पठाएको रकम फिर्ता लिएको राईको भनाइ छ । राईका अनुसार उनीहरूबीच तीन वर्षअघिदेखि प्रेम सम्बन्ध रहेको पाइएको छ ।

बिना कारण झुटो आरोप लगाउँदै प्रेमिकाले गएको जेठ तेस्रो साता अर्कै केटासँग विवाह गरेकाले प्रेमीले रकम असुल गराइदिन भन्दै प्रहरीसमक्ष इमेलमार्फत उजुरी दिएको प्रहरीले जनाएको छ । राईले विभिन्न समयमा प्रेमिकालाई पैसा पठाउनका लागि आइएमई गरेको १४ वटा बीलसहित प्रहरीसमक्ष रकम फिर्ताका लागि उजुरी दिएका थिए । प्रहरीमा उजुरी दिएर फोनबाट बारम्बार ताकेता गरेपछि पूर्वप्रेमिकाले राईका साथी राजन भट्टराईमार्फत रकम फिर्ता दिएकी हुन् । प्रेमिकाले विवाह गर्नुअघि फेसबुक र फोनबाट अपशब्द बोल्ने र सम्झाउँदा उल्टै तर्किएको व्यवहार देखाएको राईको भनाइ छ ।

प्रतिवेदन तथा प्रस्ताव लेखन तालिम

पोखरा २२ असार ।

पोखरा लेडी जेसिजले आइतबार प्रतिवेदन तथा प्रस्ताव लेखन तालिम गरेको छ । संस्थाका अध्यक्ष लक्ष्मी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा जेसिजका पूर्व अध्यक्ष नारायण शर्माले सहजीकरण गरेका थिए । कार्यक्रममा पोखरा जेसिज र पोखरा लेडी जेसिजका ३० जना सदस्यहरुको सहभागिता रहेको थियो । तालिममा पोखरा जेसिजका अध्यक्ष तिलक पौडेल, उपाध्यक्ष कविता श्रेष्ठ, प्रशिक्षार्थी संजिता अधिकारी, पुष्पा सापकोटा, बुद्धिनाथ आचार्य लगायतले बोल्नेका थिए । स्वागत मन्तव्य कार्यक्रम संयोजक निर्मल मल्लले गरेकी थिइन भने कार्यक्रम सञ्चालन संस्था सचिव जेसी प्रमिला सुवेदीले गरेका थिए । *(निरोज बजगाईं/विद्यार्थी पत्रकार)*

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी–खोजी पढ्ने गरौं ।

एपीसीटीले वार्षिकोत्सव मनायो

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ असार ।

इन्डियन आर्मी फिजिकल ट्रेनिङ कर्फ (एपीसीटी) ले ६७औं वार्षिकोत्सव मनाएको छ । आईतबार विशेष कार्यक्रम गरेर कर्फले वार्षिकोत्सव मनाएको हो । नेपालमा पहिलो पटक उत्सव मनाएको संस्थाले स्वयम्सेवक बनेर सम्पूर्ण खेलहरुको खेलाडी उत्पादन गर्दै आएको छ । 'मार्सल आर्ट, फिजिकल फिटनेश, एथ्लेटिक्स, भलिवल, फुटवल, कराते, बक्सिङ लगाएत सम्पूर्ण खेलको विकासमा स्वयम्सेवी भएर खेलाडी उत्पादनमा लागेको छौं,' एपीसीटीका संयोजक सुवेदार मेजर धनबहादुर गुरुङ (एसी टीसी)ले भने, 'अब नेपालमा रहेर खेलको विकासमा संस्था पूर्ण रुपमा लाग्नेछ ।' वार्षिकोत्सवमा अतिथिहरु बक्सिङ प्रशिक्षक विद्या मसांनी र अन्तर्राष्ट्रिय बक्सिङ खेलाडी गणेश बहादुर भट्टराईले बक्सिङ सँगै अन्य खेलको विकास आवश्यक रहेको भन्दै सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । कार्यक्रममा सहसंयोजक क्या. लोक बहादुर पुन, सिनियर प्रशिक्षक क्या. चन्द्रबहादुर गुरुङ, क्या. धनबहादुर गुरुङ र क्या. एसवी गुरुङले खेलाडी उत्पादनमा ध्यान केन्द्रित गर्ने बताए । संस्थाको नेपाल भर १७ जना सदस्य रहेका छन् ।

खुशीको खबर ! खुशीको खबर !!
सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साथै बस, जहाज र मनकामना केबलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।
सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१–५३२५०२, ९८०६७३८३००

केही कर्मचारीको आवश्यकता
यस कम्पनीका लागि अफिसमा काम गर्ने तथा बजार प्रतिनिधि भएर काम गर्न केही कर्मचारीहरु आवश्यक परेकाले इच्छुक व्यक्तिहरुले तुरन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क
न्यू पायोनियर इन्टरनेशनल,
रानीपौवा, पोखरा–११
फोन : ०६१–५२७५१८, मो. : ९८५६०२५३७०

विदेश जानेहरुका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु नि.शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
☞ शतप्रतिशत उत्तीर्ण गराउन सफल
☞ आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
☞ १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
अन्तरराष्ट्रिय भर्इरहेको छ ।
सम्पर्क **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०, फोन:- ०६१-५२०२१२, मो. ९८४०-४१४१२

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
❍यौन पुरुष : लिङ्को साइज बढाउन, पौरु क्षमता बढाउन, नामदी, धितापन, टेढापन, हटाउन, घुल्न सहयोग रात फर्काउन,
Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
भित्रा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
❍केश झर्ने तुरुन्तै रोक्री उमार्ने हेयर टनिक मात्र ५००।-
❍मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
❍उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
❍तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
❍थाहै नदिई ३ दिनमै जाँड रक्सीको चुक्ल्ह हटाउन
❍तौल घटाउने जापनिज deit मात्र २५००।-
❍दाह तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिम
✱ तौल घटाउन Slim 24 pro
पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

Study in Switzerland & Poland
❖Intake Sep./Oct.
❖No IETS/TOFELS
❖Pay After Visa
❖Gap uo-to 5 years
❖Part time job 20 hour Per Week
❖High chance of Visa
Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झ्यसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी नछुवाँदी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन सहालामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- काला धब्बा पोतो, इण्डिफोरेर, दाग धब्बा, मस्किया, कोठी, झाउपिम हटाई पूरै शरिर गोरो बनाउने ।
सुन्दरी पाल्नी नारिहरुको लागि यहाँहरुले चाहे जतिनै पत्र पठाउनुहोस् ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिसास, पाइल्स, दम सासी बाथ, दाढ कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शिराल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुलिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३९८६७, ०६-१२२५५५८, मो. ९८४६१३७४१८
फि होम सेलिभरि

हामी सस्तो छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप–महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१–५४१९३५, ०६१–२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्,
नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा
Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीमा साथ टोनर रिफिलिङ्ग Mono/Color (A4/A3)
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

STUDY IN AUSTRALIA
EXPLORE YOUR DREAM DESTINATION

We'll Help You to Fix Your Problem
if you have 5.0 in IELTS
and completed 10+2
Classes: IELTS CAE/PET/KET
TRINITY EDUCATION FOUNDATION
Bastolathar, Mahendrapool, Pokhara
T: PKR 061-525739 / 521639
KTM: 01-4720635 / 4720655
BRANCH: Chakrapath
Maharajgunj, KTM
info@trinityeducation.edu.np

'औषधिको नयाँ प्रयोग र विधिको खोजी गर्नुपर्छ'

गोल्डेन न्युज संवाददाता
पोखरा २२ असार ।

पोखरा विश्वविद्यालयका उपकुलपति प्रा. खगेन्द्रप्रसाद भट्टराईले औषधिका नयाँ-नयाँ प्रयोग र विधिको खोजी गर्नुपर्नेमा जोड दिएका छन् । औषधि विज्ञान विषयको महत्वमा प्रकाश पार्दै यस विषयको अध्ययन अनुसन्धानमा पोखरा विश्वविद्यालयले संधै जोड दिने उनले बताए । उनले औषधि विज्ञानको क्षेत्रमा अनुसन्धानका नविनतम धारहरूको बारेमा अद्यावधिक ज्ञान हुनु अति आवश्यक रहेको औल्याउँदै सम्मेलनले उक्त क्षेत्रको ज्ञान फैलाउन महत पुऱ्याउने विश्वास व्यक्त गरे ।

पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि सङ्कायको आयोजनामा "औषधि विज्ञान क्षेत्रका वर्तमान धारहरू र भविष्यका सम्भावना" विषयक दुईदिने अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा बोल्दै पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रा.डा. मानबहादुर के.सी.ले औषधि विज्ञान विषयमा पोखरा विश्वविद्यालयको एकदशक लामो अनुभव रहेको उल्लेख गर्दै सोही आधारमा यस किसिमका अध्ययन अनुसन्धान सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्न सहज भएको बताए । विश्वविद्यालय विज्ञान तथा प्रविधि सङ्कायका डीन डा. सुरेशप्रसाद वस्तिोलाले औषधि विज्ञान विषयमा पोखरा विश्वविद्यालयले नियमित रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियसभा, गोष्ठी तथा सम्मेलनहरू आयोजना गर्दै आएको साथै यस किसिमका कार्यक्रमबाट युवा, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूलाई प्रेरणा मिल्ने स्पष्ट पारे ।

विश्वविद्यालयका औषधि विज्ञान विषयका सह-प्राध्यापक गुलाम मोहम्मद खानले सम्मेलनको उद्देश्य र परिचय प्रस्तुत गर्दै यस सम्मेलनले औषधि विज्ञानको अध्ययन तथा अनुसन्धानमा संलग्न युवा शक्तिलाई सम्बन्धित विषयका विशेषज्ञहरूका कार्यपत्रहरू उपर प्रत्यक्ष अन्तर्क्रिया गर्ने तथा आफ्ना अनुसन्धानपत्र प्रस्तुत गर्ने अवसर प्रदान गरेको बताए ।

सम्मेलनमा दक्षिण कोरियाको योङ्सुगनाम विश्वविद्यालयका प्रा. चुल सुन योङ्गले"पानीमा रम्रोसँग अधुलनशील औषधिको शरीरमा शोषण र वितरणको अभिवृद्धिका प्रयास" विषयमा वैज्ञानिक अनुसन्धानपत्र प्रस्तुत गरेका थिए । सम्मेलनलाई सम्बोधन गर्दै मनिपाल शिक्षण अस्पतालका डीन प्रा. वि.एम. नागपालले यस किसिमको सम्मेलनले औषधि विज्ञान विषयमा अन्तर्क्रिया र अनुभव साटासाट गर्दै औषधिका नयाँ प्रयोग र विधिको खोजी गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै काठमाडौं विश्वविद्यालयका परीक्षा नियन्त्रक प्रा.डा.पन्ना थापाले यस किसिमको सम्मेलनले व्यावसायिक अन्तर सम्बन्धलाई मजबूत पार्ने भएकोले विज्ञान तथा प्रविधिका क्षेत्रमा नयाँ आयाम थपिने बताए । त्रिभुवन विश्वविद्यालयका फार्मेसी विभागका प्रमुख प्रा.बालमुकुन्द रेग्मीले मानव जीवनमा प्रत्यक्ष सरोकार राख्ने औषधि विज्ञानको विषयमा भएको यस सम्मेलनले अनुसन्धानकर्ता र विद्यार्थीहरूलाई थप उत्प्रेरित गर्दै देशको आर्थिक एवम् सामाजिक विकासमा समेत योगदान दिने बताए । सम्मेलनमा आयोजका तर्फबाट वैज्ञानिक समितिका संयोजक डा. अमृत पौडेल, नेपाल, भारत, बङ्गलादेश, चीन, दक्षिण कोरिया, जापान लगायत मुलुकका विभिन्न विश्वविद्यालय तथा अनुसन्धान संस्थाका प्राध्यापक एवम् अनुसन्धानकर्ता गरी २५ वक्ताहरू र ३० वैज्ञानिक पोष्टर प्रस्तुत कर्ताहरूले आ-आफ्ना अनुसन्धान पत्रहरू प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट १५० भन्दा बढी सहभागिहरूले भाग लिईराखेका छन् ।

सम्मेलनमा चार वैज्ञानिक सत्रहरूको अध्यक्षता क्रमशः काठमाडौं विश्वविद्यालयका प्रा.डा. पन्ना थापा, कुमामोतो विश्व विद्यालय जापानका प्रा. सोजी याहारा, पोखरा विश्वविद्यालयका प्रा.डा.विष्णुराज तिवारी र त्रिभुवन विश्वविद्यालयका प्रा. बालमुकुन्द रेग्मीले गर्ने कार्यक्रम रहेको छ । कार्यक्रमको सञ्चालन पोखरा विश्वविद्यालयका कल्पना पराजुली र राजकुमार थापाले गरेकी थिइन ।

विद्यालयस्तरीय निबन्ध लेखनको नतिजा सार्वजनिक

गोल्डेन न्युज संवाददाता
पोखरा २२ असार ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल प्याब्सन कास्कीको वार्षिक कार्यतालिका अनुसार यही मिति २०७१ असार ६ गते सम्पन्न गरिएको माध्यमिक विद्यालय स्तरीय निबन्ध लेखन प्रतियोगितामा प्याब्सन सदस्य ६० विद्यालयहरुका ११५ जना विद्यार्थीले सहभागिता जनाएका थिए । प्याब्सन कास्कीले आफ्ना सदस्य विद्यालयहरुलाई भौगोलिक रुपमा तीन क्षेत्रमा विभाजन गरेको छ र तीनै क्षेत्रबाट प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गर्ने समेत निर्णय गरेको गरेको थियो ।

त्यसैले क्षेत्र नं. १ बाट प्रथम स्थान हाँसिल गर्न सफल ताराकुञ्ज बोर्डिङ स्कुलकी छात्रा मनकामना गौतम, द्वितीय स्थानमा ग्लोबल कलिजियट उ.मा.वि.की छात्रा स्नेहा खनाल र तृतीय स्थानमा नेपाल आदर्श आवासीय विद्यालयका छात्र आशिष ब. बगाले रहेका छन् । त्यसैगरी क्षेत्र नं. २ बाट प्रथम स्थानमा न्याशनल इन्भेन्टिभ उ.मा.वि.का छात्र योगेन्द्र रानामगर, द्वितीय स्थानमा हिमालयन बोर्डिङ स्कुलकी छात्रा कृति श्रेष्ठ र तृतीय स्थानमा फिस्टेल उ.मा.वि.की छात्रा विनीता रानाभाट रहेका छन् ।

त्यसै गरी क्षेत्र नं. ३ बाट प्रथम स्थानमा कुमुदिनी होम्स उ.मा.वि.की छात्रा प्रतिभा बुढचार्य, द्वितीय स्थानमा केफ उ.मा.वि.का छात्र नविन पौडेल र तृतीय स्थानमा पश्चिमाञ्चल उ.मा.वि.की छात्रा नविता घिमिरे रहेका छन् ।

एमालेमा...

जीवन घिमिरे चयन भएका छन् । यस्तै महाकालीमा डा दीपकप्रकाश भट्ट, प्रवासमा अशोक थापा, नारायणीमा रामकुमार भट्ट ई, वाग्मतीमा लालकुमार केसी, जनकपुरमा लक्ष्मण पौडेल, सेतीमा हर्कबहादुर सिंह, पेसागतमा खगेन्द्र राई र धवलागिरिमा मन केसी चयन भएका छन् । दुई अञ्चलमा निर्वाचन या सहमति कसरी के गर्ने भन्नेमा विवाद भएपछि सगरमाथामा यज्ञर ज सुनुवार र सुमन प्याकुरेल, भेर ीमा विष्णु रिजाल र यामलाल कँडेलको नाम प्रस्तुत भएको छ । ती दुई अञ्चलमा निर्वाचन गरेर चयन गर्न अध्यक्षमण्डलले निर्देशन दिएको छ । प्रस्तुत प्रतिवेदनमा छलफल गर्न बनाइएका समूहहरू टोली नेता चयनमै समय गुजारिर हेका छन् । प्रचार विभागका प्रमुख प्रदीपकुमार ज्ञवालीका अनुसार केहीमा निर्वाचन भएको छ भने अधिकांशमा सर्वसम्मतरूपमा टोली नेता चयन भएको छ । नारायणी, केन्द्रीय निकाय, वाग्मती, पेसागत, जनकपुर, प्रवास, सेती र महाकालीमा निर्वाचनबाट टोली नेता चयन भएका हुन् । बन्दसत्रले प्रस्तुत प्रतिवेदनमा छलफलका लागि १९ समूह विभाजन गरेको थियो ।

विद्युतीय मतदानबारे विवाद

महाधिवेशनबाट नयाँ कार्यसमिति चयन गर्न गरिने भनिएको विद्युतीय मतदानका बारेमा विवाद कायमै छ । महाधिवेशनको बन्दसत्रका बारेमा महाधिवेनस्थल नजिकै स्थापित सूचना केन्द्रमा आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रचार तथा प्रकाशन विभाग प्रमुख प्रदीपकुमार ज्ञवालीले पार्टी केन्द्रीय निर्वाचन आयोगले विद्युतीय यन्त्रबाट नै निर्वाचन गर्ने तयारी गरिरहेको र त्यसलाई विश्वास गरेर जानुपर्नेमा जोड दिए । उनले भने,-"पार्टीले महाधिवेशन अगाडि नै बैठक बसेर निर्वाचनमा विद्युतीय मेसिनबाट मतदान गर्ने निर्णय भएको हो, छिट्टो, छरितो र वैज्ञानिक हुने भएकाले प्रविधिलाई विश्वास गरेर जानुपर्छ ।" नेता ज्ञवालीले प्रविधिमाथि शङ्का गर्न नहुने बताए । केपी ओली समूह मानिएका नेता ज्ञवालीले भने,- "समस्या विद्युतीय मेसिनमा हैन, चिन्तनमा छ ।" नेपाल समूह मानिएका एमाले पोलिटब्युरो सदस्य रघुजी पन्तले आफूलाई विद्युतीय मेसिनप्रति अझै विश्वस्त हुन नसकेको बताए । "विद्युतीय मेसिनप्रति हामी विश्वस्त छौंनँ, यसबारे केन्द्रीय निर्वाचन आयोगले निर्णय गर्छ", नेता पन्तले भने,- "विभिन्न प्राविधिकले गरेका अध्ययनको निचोडले हेर्दा पनि विद्युतीय मेसिनलाई विश्वास गर्ने आधार छैन, यसबारे स्थायी कमिटीमा सुझाव दिइसकेका छौं ।"

एम्नेष्टी...

विभिन्न जिज्ञासा राखेका थिए ।

सचिव आचार्यले प्रस्तुत गरेको प्रतिवेदनमा एम्नेष्टीका मुख्य अभियानमा परेका आप्रवासी श्रमिकहरुको हकहित र अधिकार संरक्षण गर्न राज्यलाई दबाव दिने काम गर्नुका साथै दण्डहीनताको अन्त्य र मेरा शरीर मेरो अधिकार सम्बन्धि अभियानलाई निरन्तरता दिइएको उल्लेख छ । यस्तै कोषाध्यक्ष पन्तले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा वर्षभरि विभिन्न कार्यक्रम सम्पन्न गर्न करिब ६५ हजार रुपैयाँ खर्च भएको र त्यो रकम सदस्यहरुबाट संकलन गरिएको उल्लेख छ ।

नेपाल वित्तीय कार्यदलको अनुगमन सूचीबाट बाहिरियो

काठमाडौं २२ असार ।(रासस)

नेपाल वित्तीय कार्यदलको अनुगमन सूचीबाट बाहिरिएको सरकारले आइतबार औपचारिक रूपमा घोषणा गरेको छ । वित्तीय कार्यदलको यही असार ८ देखि १३ गतेसम्म पेरिसमा बसेको बैठकले नेपाललाई नियमित निगरानीको सूचीबाट हटाएको घोषणा गरेको अर्थ सचिव युवराज भुसालले आइतबार आयोजित एक कार्यक्रममा जानकारी गराएका हुन् । सम्पत्ति शुद्धीकरण विरुद्धको सम्बन्धी आधारभूत रणनीतिक सुधारका क्षेत्रमा नेपालले गरेको प्रगतिप्रति सन्तोष व्यक्त गर्दै कार्यदलले त्यस्तो निर्णय गरेको उनले बताए । संविधानसभा व्यवस्थापिका संसदले हालै पारित गरेको सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दोस्रो संशोधन २०७०, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७०, पारस्परिक कानुनी सहायता ऐन २०७०, संगठित अपराध निवारण ऐन २०७० र सुपुर्दगी ऐन २०७० एवम् सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणमा गरेको कामबाट सन्तुष्ट भई नेपाल निगरानीको सूचीबाट मुक्त भएको हो ।

सन् २०१८/१९ मा नेपालको तेस्रो पारस्परिक मूल्याङ्कन हुने र उक्त मूल्याङ्कन विशेषत कार्यान्वयन र प्रभावकारितामा आधारित हुने भएकाले कार्यान्वयन पक्षमा नीतिगत, नियमनकारी निकायलाई अझ प्रभावकारी बनाउनुपर्नेमा सचिव भुसालले जोड दिए । घोषणा कार्यक्रममा अर्थमन्त्री डा रामशरण महत, नेपाल राष्ट्र बैंकका गर्भनर, अर्थ, पररष्ट्र, कानुन मन्त्रालयका सचिवलगायतको उपस्थिति थियो ।

एमाओवादीले एजेण्डा मिल्ने दलहरूसंग सहकार्य गर्ने

काडमाडौं २२ असार ।

एकीकृत नेकपा(माओवादी)ले प्रगतिशील संविधान बनाउनका लागि राजनीतिक एजेन्डा मिल्ने दलहरूसँग सहकार्य गर्ने निर्णय गर `को छ । पार्टी अध्यक्ष पुष्पकमल दाहालको निवास लाजिम्पाटमा बसेको स्थायी समितिको बैठकले राष्ट्रको आवश्यकता र जनताको अपेक्षाअनुसार आगामी माघ ८ गतेभित्र संविधान जारी गर्न हदैसम्मको लचकता अपनाउने निर्णय गरेको हो ।

पार्टीको राजनीतिक कार्यदिशा र कार्यनीतिमा एकरूपता कायम गर्दै जनसङ्घर्ष र जनपरिचालनलाई विशेष जोड दिनुपर्ने विषयमा समेत नेताहरूले धारणा राख्नुभएको कोषाध्यक्ष हरिबोल गजुरेलले लाई जानकारी दिए । उम्मेदवार नभए पनि स्थायी समितिमा जिताइएको भन्दै बैठकमा सहभागी नहुने अडानमा रहेका नेता डा बाबुराम भट्टराई पक्षका नेताहरू समेत आइतबारको बैठकमा सहभागी भएका थिए । स्थायी समितिमा सो पक्षका नेता भट्टराई, टोपबहादुर र यमाभकी र देवेन्द्र पौडेल छन् ।

बैठकले पार्टीभित्र देखिएका विवाद समाधान गरेर एकरूपता कायम गर्ने र समान धारणा बनाउने विषयमा छलफल भए पनि कुन विधिका आधारमा हल गर्ने भन्नेमा भने सहमति हुन सकेन ।

संस्थापन पक्षले पेलेको भन्दै नेता भट्टराई पक्षले मकवानपुर, सिन्धुली र डोटीमा समानान्तर जिल्ला समिति बनाएको छ । बैठकमा समानान्तर समिति निर्माण गरिएको विषयमा समेत छलफल भए पनि विवाद समाधान गर्ने अडानमा रहेका नेता डा बाबुराम भट्टराई पक्षका नेताहरू समेत आइतबारको बैठकमा सहभागी भएका थिए । स्थायी समितिमा सो पक्षका नेता भट्टराई, टोपबहादुर र यमाभकी र देवेन्द्र पौडेल छन् ।

थपिएका नगरपालिकामा सङ्गठन विस्तार गर्दै कांग्रेस

काडमाडौं २२ असार ।(रासस)

नेपाली कांग्रेसले पछिल्लो समयमा गठन भएका नयाँ नगरपालिकामा पार्टी संरचना विस्तार गर्ने भएको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आइतबार भएको कांग्रेस पदाधिकारी बैठकमा मुलुकमा हालै थपिएका नगरपालिकाका अनुसार पार्टीको सङ्गठनात्मक संरचना यथासम्भव चाँडो विस्तार सम्बन्धमा छलफल भएको केन्द्रीय सदस्य एवम् प्रवक्ता दीलेन्द्रप्रसाद बडूले राससलाई बताए ।

प्रवक्ता बडूले दुई वा दुईभन्दा बढी गाउँ विकास समिति गाभेर बनेका नयाँ नगरपालिकामा सहमतिका आधारमा गाउँ समिति विघटन गरी नगर र बडा तदर्थ समिति गठन गरिने जानकारी दिए । उनले भने,-"त्यसका लागि कुन प्रक्रियाबाट नयाँ संरचना बनाउने र कहिलेदेखि बनाउने भन्ने सम्बन्धमा छलफल भयो, अब छिट्टै केन्द्रबाट निर्देशन हुनेछ ।"

के तपाईमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सुरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरुमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बरने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने नपुंसकपना भि: सन्तानको सफल उपचार

बाँध्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान

माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक

नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि

फोन: ०६१-५३८९४४, ९८४६०४१९३१, ९८०४१७२५३१

स्तरीय फिजियोथेरापी

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ युके तथा अमेरिकामा काम गरि अनुभव संगालु भएका वरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरू : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झनझनाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने । डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल

सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)

फोन : ०६१-५२१४०८, ९८४६०३८३८४

स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिहयाबिलिटेशन अस्पताल

ठूलो पर्दामा वर्ल्डकप-२०१४

त्यसको साथमा रु.५००।-मा वियरसहित स्न्याक्स फ्रि !

सम्पर्क

डेनिज फेमिली रेष्टुरेन्ट

सभागृहचोक, पोखरा, फोन : ०६१-५४७७१२

दोस्रो चरणको अडिसन चलिरहेको छ ।

स्थान: स्काई टच रेष्टुरेण्ट एण्ड लाउन्ज बार, न्यूरोड बिहान: ८ बजेबाट

Samsung GALAXY GRAND Neo

5th BIG ICON 2014

IN ASSOCIATION WITH KANSAI NEROLAC PAINTS

SUPPPORTED BY Kangaroo

PROMOTED BY The British College

ORGANIZED BY BIG FM

Find us on Facebook : www.facebook.com/bigfmpokhara Listen us live on : www.fmbig.com

CO-SPONSOR EURO-ASIA EDUCATION CONSULTANCY PVT. LTD.

SUB-SPONSOR SSANGYONG RAVI AUTOMOBILES

BANK PARTNER PERFECT CONSTRUCTION & ENGINEERING

RESTAURANT PARTNER SKY TOUCH RESTAURANT AND LOUNGE BAR

TOURS & TRAVEL PARTNER Aim Way tours & travel

HOTEL PARTNER HOTEL BARAHI POKHARA

BANK PARTNER ity सिटी डेभलपमेन्ट बैंक लिमिटेड CITY DEVELOPMENT BANK LIMITED

INTERNET PARTNER POKHARA internet

BAZAR PARTNER 99 BIG BAZAR

MEDIA PARTNER अन्नपूर्ण एफएम

एनएन्यूज टेलिभिजन

ONLINE PARTNER k@st रमाईलो.com

Sansar.com

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा